# राप्ती गाँउपालिकाको विनियोजन ऐन २०७७

**राप्ती गाँउपालिका**

**मसुरिया, दाङ**

**५ नं. प्रदेश नेपाल**

## <u>राप्ती गाउँपालिकाको विनियोजन विधेयक</u>

## राप्ती गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**<u>प्रस्तावना :</u>**. राप्ती गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम राप्ती गाउँपालिकाको गाउँसभाले यो विधेयक बनाएको छ ।

१.**<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१)** यस विधेयकको नाम "राप्ती गाउँपालिकाको विनियोजन विधेयक, २०७७" रहेको छ ।

(२) यो विधेयक सभावाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२.**<u>आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>**ः (१) आर्थिक वर्ष २०७७/०७८ मा गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा,वडा कार्यालयले प्रदान गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम र क्रमागत योजनाको समेत गरी जम्मा रकम रु. ५२,६५,११,४८०।– ( बाउन्न करोड पैसाठ्ठी लाख एघार हजार चार सय असी मात्र ) मा नबढाई अनुसूची १ मा निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि तपसिलका शीर्षकहरुमा गाउँ कार्यपालिकाको कार्यालयद्धारा तोकिएको मापदण्ड बमोजिम खर्च गर्न बाधा पर्नेछैन तर त्यस्तो खर्चको रकम तत्पश्चात गाउँसभाबाट अनिवार्य रुपमा अनुमोदन गराउनु पर्नेछ ।

(क) नेपाल सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त हुने सामाजिक सुरक्षा वापतको रकम संघीय कानून बमोजिम खर्च गर्ने ।

(ख) नेपाल सरकार तथा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग वा निकायबाट सशर्तको रुपमा प्राप्त हुन आउने कुनै योजना कार्यक्रम जस्तै राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यक्रमको रकम, तराई मधेस समृद्धि कार्यक्रम तर्फको रकम, समपुरक कोषको रुपमा प्राप्त हुन आउने रकम, विशेष समपुरक कोषको रुपमा प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास कोष लगायतको रकमलाई सोही सर्तमा बजेट प्रणलीमा समावेश गर्ने ।

(ग) प्रदेश सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त कुनै योजना, मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम, समपुरकको रुपमा प्राप्त हुने रकम, विशेष अनुदान लगायतका रकमलाई सोही सर्तमा उल्लेखित परिधिभित्र रहि खर्च गर्ने ।

(घ) नेपाल सरकार वा अन्य कुनै निकाय, गैरसरकारी संस्था तथा यस गाउँपालिकालाई पटके वा आकस्मिक रुपमा प्राप्त हुन आउने कुनै रकमलाई निकाशा दिने वा उपलब्ध गराउने निकायले निर्दिष्ट उद्देश्य बमोजिम खर्च गर्ने ।

(ङ) गाउँपालिकाले दफा २ को उपदफा (१) बमोजिम खर्च गर्ने गरी दिएको बजेट अपुग हुने भएमा वा पालिकामा कम स्रोत प्राप्त भएमा पुरक बजेट मार्फत बजेट प्रणालीमा खर्च शीर्षक, योजना तथा कार्यक्रम समावेश गाी खर्च गर्नुपर्नेछ ।

(ङ) नेपाल सरकारको सहमति बमोजिम कुनै वैदेशिक निकायबाट प्राप्त हुन आउने रकमलाई सो निकायको उद्देश्य र नेपाल सरकारको सहमती बमोजिम खर्च गर्ने ।

उपदफा ३. गाउँपालिकालाई नेपाल सरकार, प्रदेश सरकार तथा अन्य कुनै निकायबाट प्राप्त हुने रकमलाई खर्च गर्नु परेमा गाउँसभा बोलाई सभाबाट उपदफा (१) मा उल्लेख भएको रकममा संशोधन गरी खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ मा गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा तथा वडा कार्यालयले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा तथा वडा कार्यालयले प्रदान गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७९ वमोजिम बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सकिने छ । यसरी रकम सार्दा एक शीर्षकबाट सोहि शीर्षकको उपशीर्षकमा कार्यालयले १० प्रतिशत र कार्यपालिकाले २५ प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गरी खर्च जनाउन सकिनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकको जम्मा रकमको २५ प्रतिशत भन्दा बढी रकम अन्य शीर्षकहरुमा रकमान्तर गर्नु परेमा गाउँसभाको स्वीकृति लिनुपर्नेछ ।

पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन, तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

**४. कार्यविधि मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्ने :-** गाउँसभावाट स्वीकृत भई स्थापना गरिएका कोषहरुको परिचालन गर्न गाउँ कार्यपालिकाले कार्यविधि, **मापदण्ड तथा निर्देशिका** वनाई लागु गर्न सक्नेछ ।

**५. बाधा अडकाउ फुकाउनेः** यस ऐनको कार्यान्वयनको गर्दा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी बाधा अड्काउ फुकाउ गर्न सकिनेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषवाट विनियोजन हुने रकम**



| **क.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **जम्मा** |
|---|---|---|---|
| **१** | **२** | **३** | **७** |
| १ | संघिय सरकार | वित्तिय समानिकरण अनुदान | १३०३००००० |
| २ | संघिय सरकार | राजश्व वाडफाँड | ९३८५८४८० |
| ३ | संघिय सरकार | सःशर्त अनुदान | १९५९००००० |
| ५ | प्रदेश सरकार | वित्तिय समानिकरण अनुदान | ५४८०००० |
| ६ | प्रदेश सरकार | राजश्व वाडँफाँड | ५१२३००० |
| ७ | प्रदेश सरकार | सःशर्त अनुदान | १४८५०००० |
| ८ | आन्तरिक श्रोत | आन्तरिक आय | २५०००००० |
| ९ | गत आ.व.को बाँकी | | ३५०००००० |
| १० | ऋणको सावा व्याज भूक्तानी | | ० |
| ११ | लगानी (शेयर/ऋण | | ० |
| | **जम्मा** | | **५२६५११४८०** |